नेपाल सरकार
सूचना तथा सञ्चार मन्त्रालय
सिंहदरबार

मिति:२०६५।७।२१

# प्रेस विज्ञप्ति

नेपाल सरकार मन्त्रिपरिषदको २०६५।७।९ को निर्णयानूसार राष्ट्रिय प्रसारण नियमावली २०५२ मा देहाय अनूसार संशोधन भएको छ ।

- सबै किसिमका प्रसारण संस्थाहरुले कुल आम्दानीको ४ प्रतिशतका दरले प्रसारण शूल्क वूभ्काउनू पर्ने व्यवस्था रहेकोमा केवूल प्रसारण संस्था र मूनाफा आर्जन गर्ने उद्देश्य लिई कार्यक्रम प्रसारण संस्था (एफ.एम., रेडियो, टेलिभिजन) ले आफूले आर्जन गरेको वार्षिक कुल आम्दानीको दूई प्रतिशतले हूने रकम प्रसारण शूल्क वापत वूभ्काउनू पर्ने भएको छ । यसमा मूनाफा आर्जन नगर्ने प्रसारण संस्था भन्नाले संस्था दर्ता सम्वन्धी प्रचलित कानुन बमोजिम दर्ता भएको प्रसारण संस्थालाई मानिएको छ ।

- यस अघि नवीकरण शूल्क वापत इजाजत शूल्क ११0% शूल्क लाग्ने गरेकोमा संशोधित नियमावली अनूसार केवूल टेलिभिजन र मूनाफा आर्जन नगर्ने उद्देश्य लिई कार्यक्रम प्रसारण गर्ने प्रसारण संस्थालाई इजाजत शूल्क १0% र मूनाफा आर्जन गर्ने उद्देश्य लिई सञ्चालन भएको प्रसारण संस्थाको हकमा इजाजत शूल्क ५0% लिई नवीकरण गर्न सकिने व्यवस्था गरेको छ ।

- इजाजतपत्र एकै पटक पाँच वर्षका लागि नवीकरण गर्न सकिने र यसरी नवीकरण गर्दा प्रत्येक वर्षको नवीकरण शूल्कमा २५% छूट हूने व्यवस्था भएको ।

- प्रसारण शूल्क बूँभ्काउँदा सम्बन्धित प्रसारण संस्था वा व्यक्तिले सो आर्थिक वर्षको लेखापरीक्षण सम्पन्न गराई सोको प्रतिवेदन पेश गर्नू पर्नेछ । प्रसारण शूल्क नवूभ्काउने प्रसारण संस्थालाई नेपाल सरकारबाट उपलव्ध गराउने अनूदान वा विज्ञपनमा रोक लगाउन वा कटौती गर्न सक्ने, सञ्चार र सामग्री एवं सोसँग सम्वन्धित कच्चापदार्थको पैठारीमा रोक लगाउन सक्ने, सरकारी भ्रमण सहभागी नगराउन सक्ने त्यस्तो संस्था वा व्यक्तिको प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न सक्ने व्यवस्था समेत गरेको छ ।

- यो नियमावली प्रारम्भ हूंदाका वखत नवीकरण भई नसकेमा कूनै प्रसारण संस्था वा व्यक्तिले यो नियमावली, प्रारम्भ भएको प्रा.लि.ले ३ महिना भित्र नवीकरण गर्न निवेदन दिएमा राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम ४ बमोजिमको दस्तूर तिरी एक पटकको लागि नवीकरण गर्न सकिने व्यवस्था समेत रहेको छ ।

- यसैगरी नेपाल सरकारले राष्ट्रिय प्रसारण ऐन २०४९ तथा राष्ट्रिय प्रसारण नियमावली २०५२ बमोजिम रेडियो (एफ.एम. समेत), टेलिभिजन र केवूल टेलिभिजन प्रसारण संस्थाहरुले वुझाउनू पर्ने देहाय बमोजिमको नवीकरण दस्तूर एवं रोयल्टी शूल्क मिनाह दिने निर्णय गरेको छ ।

(क) प्रसारणमा रहेका रेडियो (एफ.एम. समेत) प्रसारणमा रहेका टेलिभिजन (भ उपग्रहीय तथा भ सतही) तथा नियमित रुपमा नवीकरण हूँदै आएका केवूल प्रसारण संस्थाहरुको आ.व. २०६५।६६ को लागि लाग्ने नवीकरण दस्तूर र सोमा लाग्ने थप जरिवाना समेत मिन्हा गर्ने ।

(ख) माथि प्रकरण (क) मा उल्लिखित संस्थाहरुको आ.व. २०६५।६६ मा वूझाउनू पर्ने आ.व. २०६४।६५ को रोयल्टीको ५०% प्रतिशत मिनाह गर्ने

(ग) आ.व. २०६५।६६ को लागि नवीकरण गर्न उपर्यूक्तानूसार संस्थाहरुले राजश्व खातामा रकम जम्मा गरी नवीकरणको लागि निवेदन दिएको भए सो रकम फिर्ता गर्न अर्थ मन्त्रालयले सुचना तथा सञ्चार मन्त्रालयलाई निकासा दिने

यसरी उपर्यूक्तानूसार नवीकरण शूल्क र सोमा लाग्ने जरिवाना मिनाहा भए पनि सम्वन्धित प्रसारण संस्थाहरुले आ.व. २०६५।६६ को इजाजतपत्रको नवीकरणका लागि बढीमा २०६५ पौष मसान्त भित्र तोकिएको अनूसुचीको ढाँचामा अनिवार्य रुपमा निवेदन दिनू पर्ने अन्यथा राष्ट्रिय प्रसारण नियमावली २०५२ को नियम १६ को उपनियम ४ बमोजिम इजाजतपत्र स्वत: रद्द हूने व्यवस्था समेत सम्वन्धित सबैलाई प्रेश विज्ञप्ति मार्फत जानकारी गराइएको छ ।